# कोशी प्रदेशमा मनसुनजन्य बाढी तथा पहिरोको प्रभाव


## आन्तरिक मामिला तथा कानून मन्त्रालय

(अषाढ १४, २०८० अनुसार)

यो स्थिति रिपोर्ट आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशले प्रादेशिक आपत्कालीन कार्य सञ्चालन केन्द्र सँगको सहकार्यमा तयार पारेको हो । यसले कोशी प्रदेशका विभिन्न जिल्लामा अविरल वर्षाका कारण बाढी र पहिरोको क्षति पश्चातको अवस्थालाई समेटेको छ । यस स्थिति प्रतिवेदनमा रहेका तथ्याङ्क अध्यावधिक गर्ने क्रममा रहेकाले भाषागत तथा तथ्याङ्कगत कमजोरीहरुलाई क्रमश सुधार गर्दै लगिने छ ।

## मुख्य घटनाहरु

- मनसुनजन्य बाढी तथा पहिरोले कोशी प्रदेशमा **१४ जना**को ज्यान गएको छ भने **७ जना** घाइते भएका छन् ।
- विपद्‌बाट प्रभावित **२८ जना** व्यक्तिहरु बेपत्ता भएको रिपोर्ट गरिएको छ जसमा **पाँचथरबाट ३**, **संखुवासभाबाट २१**, **धनकुटाबाट १** र **ताप्लेजुङबाट ३ जना** छन् ।
- पाँचथर, ताप्लेजुङ र संखुवासभा सोलुखुम्बु, र ओखलढुङ्गा जिल्लामा करिब **१७६० जना व्यक्तिहरु विस्थापित** भएका छन् । प्रभावित मध्ये, **७८ घर पूर्णक्षति** तथा **२६ घर आंशिक रूपमा क्षतिग्रस्त** भएका छन् ।




- प्रभावित जिल्लाहरु पाचँथर, ताप्लेजुङ्ग, संखुवासभा, ईलाम, धनकुटा, भोजपुर, झापा र ओखलढुङ्गामा गरी **१६ वटा कच्ची** र **१५ वटा पक्की पुल**हरु क्षति भएको छ । त्यस्तै **२१ वटा** जलविद्युत आयोजनाहरुमा पनि क्षति पुग्न गएको छ ।
- **७ असार २०८०** गते राति परेको अविरल वर्षाको कारण जिल्ला ओखलढुङ्गा खिजीदेम्वा गाउँपालिका वडा नं १ चरुवा गाउँ बस्तीमा पहिरो गई **८ वटा** घरहरु उच्च जोखिममा रहेको छ ।
- पाचँथर, ताप्लेजुङ्ग, संखुवासभा, भोजपुर, ईलाम जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई सम्बोधन गर्दै बाढी तथा पहिरोबाट थप निजि आवासहरु क्षति हुन नदिन तथा प्रभावितहरुलाई अन्यत्र सुरक्षित अस्थायी आश्रयस्थलमा पुर्नस्थापना गराउने उद्देश्यका

### क्षति र नोक्सानी

*(Data Source: PEOC, Koshi Province)*

| जिल्ला | मृत्यु | | | घाइते | | | बेपत्ता | | | विस्थापित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पाँचथर | १ | २ | ३ | ० | १ | १ | ३ | ० | ३ | ५७४ |
| ताप्लेजुङ | ३ | ० | ३ | ३ | ० | ३ | २ | १ | ३ | १०७४ |
| भोजपुर | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| संखुवासभा | २ | ० | २ | ३ | ० | ३ | १८ | ३ | २१ | ७४ |
| ओखलढुङ्गा | २ | २ | ४ | ० | ० | ० | ० | ० | ० | ३४ |
| झापा | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| सोलुखुम्बु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| धनकुटा | ० | ० | ० | ० | ० | ० | १ | ० | १ | ० |
| **जम्मा** | १० | ४ | १४ | ६ | १ | ७ | २४ | ४ | २८ | १,७६० |

| जिल्ला | क्षतिग्रस्त घर | | पुल क्षति | बाटो अवरुद्ध | जलविद्युत क्षति | सवारी साधन क्षति | गाईवस्तु क्षति | कुखुरा पालन क्षति | कृषि भूमि क्षति |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्ण | आंशिक | | | | | | | |
| इलाम | ३ | | | १ | | | | | |
| पाँचथर | २८ | १९ | १६ | १ | ८ | ३ | ६ | २५ | |
| ताप्लेजुङ | १५ | | १० | २ | ३ | | १५ | | |
| सोलुखुम्बु | १ | | | | | | | | |
| ओखलढुङ्गा | ३ | | | | | | | | |
| संखुवासभा | २८ | ७ | ५ | २ | १० | २५ | ४९ | ५९ | करिब ४० रोपनी |
| **जम्मा** | ७८ | २६ | ३१ | ६ | २१ | २८ | ७४ | ८४ | **४० रोपनी** |

*(Data Source: PEOC, Koshi Province)*

## प्रतिकार्य - कोशी प्रदेश सरकार



- मन्त्रालयद्वारा पाचँथरमा **३**, ताप्लेजुङ्गमा **३**, संखुवासभामा **१** र भोजपुरमा **१** गरी **८ जना** विपद् प्रभावित **मृतक परिवार**का नजिकको हकवाला पहिचान गरी **प्रति परिवार १ लाख रुपैंया राहत रकम उपलब्ध** गराईएको छ ।
- मन्त्रालयद्वारा संखुवासभामा **पूर्ण क्षति** भएका **१३ वटा** घरको लागि **५० हजार रुपैंया**का दरले जम्मा **६ लाख ५० हजार रुपैंया प्रदान** गरिएको छ । त्यस्तै **आंशिक क्षति** भएका **४ वटा** घरहरुको लागि **३० हजार रुपैंया**का दरले **१ लाख २० हजार रुपैंया उपलब्ध** गराईएको छ ।
- पुर्वी पृतना हेडक्वार्टरद्वारा **हेली उद्धार**को सहायताले बाढी पहिरो प्रभावित व्यक्तिहरु मध्ये **पाचँथरमा १० जना** र **ताप्लेजुङ्गमा ३ जना व्यक्तिहरु** गरि जम्मा **१३ जनालाई** सुरक्षित स्थानमा उद्धार गरिएको छ ।
- नेपाली सेना द्वारा प्रभावित ८ वटा जिल्लाहरुमा हालसम्म **११४** घरधुरीहरुलाई राहत वितरण गरिएको छ ।
- कोशी प्रदेशमा रहेको विश्व स्वास्थ्य संगठनद्वारा प्रादेशिक स्वास्थ्य व्यवस्थापन केन्द्रलाई पानी शुद्धीकरणका लागि क्लोरिन ट्याब्लेटस् जम्मा **९४०००**, क्लोरिन झोल ६० मिलि **९०० वटा**, २४० मिलि **२५ वटा** वितरण गरिएको छ ।
- नेपाल रेडक्रसबाट पाँचथरमा **३२ वटा** गैरखाद्य सामाग्री, **१२ वटा** त्रिपालहरु, **८ वटा** गद्दाहरु, संखुवासभामा **६ वटा** गैरखाद्य सामाग्री र **२० वटा** त्रिपालहरु, ताप्लेजुङमा **१० वटा** गैरखाद्य सामाग्री, **३० वटा** तिरपालहरु र **२५ वटा** कम्बलहरु स्थानीय

## वर्तमान आवश्यकता र प्राथमिकताहरू

- प्रभावित क्षेत्रमा मानवीय सहायता निम्ति आवागमनलाई सहज बनाउन सडक सम्पर्क पुर्नस्थापना गर्नु अति आवश्यक छ जस मध्ये ताप्लेजुङ्ग जिल्लामा सम्पर्क स्थापित गर्न बेली ब्रिजको निर्माण आवश्यक देखिन्छ ।
- बाढीपहिरोबाट पूर्णरुपले घर गुमाएका विपद् प्रभावितहरुको लागि अस्थायी आश्रयस्थल प्रदान गर्न र प्रभावित जनसंख्याको तत्कालका आवश्यकतालाई सम्बोधन गर्न **पाल, कम्बल, म्यार्टेस, टेन्ट र सौर्य बत्तीहरू** आवश्यक छन् ।
- प्रभावित क्षेत्रहरूमा महिला तथा किशोरीहरुको लागि सरसफाईसँग सम्बन्धित **डिग्निटी किट**हरु विशेष प्राथमिकतामा राखेर प्रदान गर्नुपर्ने आवश्यकता छ । जस्तै **सेनेटरी प्याड, साबुन** र **भित्रीवस्त्र** आदि जस्ता व्यक्तिगत सरसफाइका वस्तुहरू ।
- बालबालिका, वृद्धवृद्धा, किशोरी तथा महिलाहरु जस्ता अति जोखिममा परेका समूहहरूको पोषण आवश्यकतालाई सम्बोधन गर्न सुक्खा फलफूललगायत **पौष्टिक खाना** वितरण गर्न सिफारिस गरिन्छ ।
- बाढी र पहिरो प्रभावित क्षेत्रमा **सुरक्षित पिउने पानी**को पहुँच महत्वपूर्ण छ र त्यसको लागि स्थानीय स्तरमा पानी शुद्धीकरणका विधिहरू परिचालन आवश्यक देखिएको छ ।

- प्रकोप प्रभावित क्षेत्रमा रोगको प्रकोप र फैलावट रोक्नको लागि पानी सम्बन्धी स्वच्छता प्रवर्द्धन र सरसफाईका प्रयासहरू महत्वपूर्ण छन् । **स्वच्छता किट**हरूको प्रदान, उचित हात धुने अभ्यासहरूको प्रवर्द्धन, र **अस्थायी शौचालय**हरुको निर्माण प्रमुख आवश्यक देखिएको छ ।
- **अस्थायी आश्रयस्थल**हरूको सुरक्षित निर्माणको लागि सामुदायिक स्तरमा ज्ञान प्रदान गर्न, चेतना जगाउन तथा गैरखाद्य सामाग्रीहरूको सुरक्षित प्रयोगको लागि **५०० वटा सूचना, शिक्षा र सञ्चार सामग्री**हरू आवश्यक रहेको ।
- विस्तृत सामुदायिक स्तरमा विपद्ले पुऱ्याएको क्षति मूल्याङ्कन सुरु गर्नु अघि प्रारम्भिक क्षति मूल्याङ्कन र तथ्याङ्क सङ्कलनका लागि प्रभावित स्थानीय तहका प्राविधिक कर्मचारीहरूलाई प्राविधिक अभिमुखीकरण र प्रशिक्षण दिनुपर्ने ।
- जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार तत्काल उद्धार, प्रतिक्रिया र राहत प्रक्रियालाई प्राथमिकता दिइनेछ ।

## सहयोगी एजेन्सीहरू

स्थानीय तहहरु, प्रदेश सरकार, नेपाल सरकार, विश्व स्वास्थ्य संगठन, नेपाल रेडक्रस, तथा गैर सरकारी संस्थाहरु



प्रदेश सरकार
**आन्तरिक मामिला तथा कानून मन्त्रालय**
कोशी प्रदेश, विराटनगर

**थप जानकारीको लागि:**
टेलिफोन: ०२१-४७०१६८, ९८५२०२५४९१
इमेल:: info@moial@koshi.gov.np

प्राविधिक सहयोग: राष्ट्रिय आवास तथा बस्ती उत्थानशील समन्वय मञ्च (NHSRP)